अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८, संख्याः २, गोरखा, भदौ १९ गते २०८१, अतिरिक्तांक : २

## भाग- २

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको बाँझो जग्गामा खेति कार्यक्रम कार्यविधि-२०८१ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# अजिरकोट गाउँपालिका

## बाँझो जग्गामा खेति कार्यक्रम कार्यविधि – २०८१

अजिरकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भच्चेक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८१

प्रस्तावना : अजिरकोट गाउँपालिका अन्तर्गत खेति योग्य जमिनको उपयोग गरि बाँझो जमिन राख्ने प्रथालाई निरुत्साहित गरि समग्र गाउँपालिकाको आधारभूत बालि तथा फलफूलको उत्पादन बृद्वी गर्नको लागि कृषि ब्यबसाय प्रबर्धन ऐनले दिएको आधिकार प्रयोग गरि  अजिरकोट गाउँपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ

# परिच्छेद १

# प्रारम्भिक

१) **कार्यक्रमको नाम** : बाँझो जग्गा खेति कार्यक्रम

१) यो कार्यविधि को नाम बाँझो जग्गा खेति कार्यक्रम कार्यविधि — २०८१ हुनेछ

२) यो कार्यविधि तुरन्त लागु हुनेछ

३) यो कार्यविधि अजिरकोट गाउँपालिका भरि लागु हुनेछ

# परिच्छेद २

# परिभाषा

२) **परिभाषा** ,विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१) भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनु पर्दछ "गाउँपालिका" ।

२ प्रम" (प्रशासकीय अधिकृत भन्नाले अजिरकोट गाउँपालिकाको प्रमुख " प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

३ गाउँ कार्यपालिकाको ,भन्नाले अजिरकोट गाउँपालिका "शाखा प्रमुख" ( कार्यालयका सम्बन्धित शाखाको प्रमुखलाई सम्झनु पर्दछ ।

४" (गाउँ कार्यपालिका गाउँ कार्यपालिकालाई ,भन्नाले अजिरकोट गाउँपालिका " सम्झनु पर्दछु ।

# परिच्छेद - ३

# उदेश्यहरु

**३) उदेश्यहरुः**

१) बाँझो जमिन राख्ने प्रथालाई निरुत्साहित गरि समग्र गाउँपालिकाको आधारभूत बालिको उत्पादन बृद्दी गर्न

२) खाद्यसम्प्रभुताको हकलाई सुनिश्चित गर्दै, कृषियोग्य जमिनको गैह्र कृषि क्षेत्रमा रुपान्तरणको वर्तमान परिस्थितिमा खेतीयोग्य जमिनको संरक्षण गर्न

३) **अजिरकोट बासि** कृषकहरुको सामाजिक, आर्थिक, व्यवसायिक हितलाई ध्यानमा राखी अव्यवस्थित रुपमा रहेको खेतीयोग्य वाँझो जग्गालाई उर्वर वनाउन

# परिच्छेद- ४

# कार्यक्रम संचालन प्रक्रिया

**४) बाँझो जग्गाको लागत राख्ने**

क) यस अजिरकोट गाउँपालिकाभित्रको बाँझो जमिनको विवरण उपलब्ध गराउन गाउँपालिका कृषि शाखाले ३० दिनको समयसिमा राखी कृषकहरुलाई सूचना प्रकासित गर्नेछ

ख) सूचना प्रकाशित भएको दिनबाट आ व २०७८/७९ को बाँझो जग्गाको लागत राख्ने काम प्रारम्भ हुनेछ

ग) बाँझो जग्गाको लागत राख्ने मुख्य काम अजिरकोट गाउँपालिकाको कृषि शाखाले गर्नेछ

घ) लागत राख्ने काम अनुसूची-१ बमोजिमको ढांचा मा राख्नु पर्नेछ

ङ) नियम (क) बमोजिम सूचना प्रकासित भएपछि जग्गा धनि व अन्य हकवालाले वडा कार्यालयमा तोकिए अनुसारको कागजातसहित निबेदन दिनु पर्नेछ

च) खेति योग्य जमिन हो होइन भन्ने बिसयमा विवाद उत्पन्न भएमा मालपोत कार्यालयमा रहेको दर्ता श्रेस्ता अनुसार अन्तिम निर्णय छनौट समितिले गर्नेछ

छ) कृषि शाखाको प्राविधिकले अनुसूची-२ अनुसार प्राम्भिक अनुगमन गरि छनौट भएका निबेदक हरुले अनुसूची-३ अनुसार सम्झौता गरि खेति कार्य सुरु गर्नु पर्ने छ

**५) अनुदान उपलब्ध गराउने आधारहरु**

क) तिन व तिन भन्दा बढी वर्ष खेति नगरी खाली भएको जमिनलाई मात्र अनुदान उपलब्ध गराईनेछ

ख) तिन व तिन भन्दा बढी वर्ष खेति नगरी बाँझो रहेको जग्गामा यस कार्यविधि बमोजिमको सर्त र मापदण्ड अनुसार खेतीपाती गरेमा स्वयं जग्गा धनि वा हकवाला वा जो कोहि व्यक्तिले खेति पति लगाएमा अनुदान दाबी गर्न सक्ने छन्

ग) माथिका सम्पूर्ण सर्त र मापदण्ड पुरा गरि प्राप्त भएका निवेदकहरुलाई तिन वर्षका लागि सम्झौता गरि अनुदान बाफत प्रत्येक वर्ष रु १००० प्रति रोपनीका दरले अनुदान उपलब्ध गरिनेछ | त्यस्तो गर्दा अनुदानग्राहीलाई जम्मा प्रति रोपनी रु ३०००/- (रु तिन हजार मात्र ) अनुदान उपलब्ध गरिनेछ |

घ) अनुदान उपलब्ध गराउदा कृषि प्राबिधिक र वडा कार्यालयको अनुगमन प्रतिबेदन लाई आधार मानिनेछ

ङ) अनुदान दाबी गर्न कम्तिमा ३ रोपनी बाँझो जग्गामा खेति गरिनु पर्दछ

# परिच्छेद- ५
# छनौट प्रक्रिया

**६) छनौट प्रक्रिया :**

क) बाँझो जग्गा खेति कार्यक्रममा समाबेस हुन चाहने कृषकले सर्बजैनिक सूचना प्रकासित भएपछि  ३० दिन सम्म वडा कार्यालयमा निबेदन दिन सकिनेछ

ख) निबेदन संकलन भैसके पछि कृषि शाखाको प्राविधिकले अनुसूची-२ अनुसार प्रारम्भिक अनुगमनको आधारमा छनौट समितिले प्राथमिकीकरण गर्नेछ ।

ग) रित पुर्बक पेश भएका आबेदनहरुलाई प्राबिधिकको प्रारम्भिक अनुगमन पछि छनौट समितिले प्राथमिकीकरण गर्नेछ

घ) **छनौट समिति :** छनौट समिति देहाय बमोजिमको हुनेछ :

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) योजना शाखा प्रमुख - सदस्य

ग) कृषि शाखा प्रमुख - सदस्य सचिब

घ) सम्बन्धित वडा प्राबिधिक (कृषि) - सदस्य

ङ) आर्थिक विकास संयोजक - सदस्य

ङ) छनौट भएका आवेदनहरू स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष कृषि विकास शाखा प्रमुखले पेश गर्नु पर्नेछ ।

च) नियम (ख) अनुसार अनुगमन गरिएको निबेदनबाट मापदण्ड पुगेका निबेदनहरु मात्र सम्झौताको लागि छनौट हुनेछन् र अनुसूची-३ अनुसार सम्झौता हुनेछन्

छ) सम्झौता भएका कृषकहरुलाई मात्र अन्तिम भुक्तानीको लागि सिफारिस गरिनेछ

७) नियम ६ बमोजिम छनौट भएका कृषकले सम्झौता गरि कम्तिमा ३ बर्ष देहाएको शर्तको आधीनमा रही कार्य गर्नुपर्नेछ

- कम्तिमा ३ बर्षको लागि खेति गर्नुपर्नेछ
- जग्गाको प्रयोग उत्पादन र उत्पादकत्व बृद्दी को लागि हुनु पर्नेछ
- करार सम्झौता अनुसर कार्य नगरेमा सम्झौता भंग हुनेछ

# परिच्छेद- ६

# भुक्तानी प्रक्रिया

**८) भुक्तानी प्राक्रिया**

१) अनुदान दाबि गर्दा देहाय बमोजिम को कागजात पेश गर्नुपर्नेछ

- अनुदान उपलब्ध गराउनका लागि भुक्तानी पाउ निबेदन
- खेति गरेको जग्गाको फोटोको १ प्रति
- खेति गरेपछि वडा प्राबिधिकको मातहतमा वडाको सिफारिस
- कार्यक्रममा समाबेस गराईएको अनुसूची-३ अनुसारको सम्झौता पत्र
- अनुसूची-४ अनुसार को स्वो घोसणा पत्र
- वडा स्तरीय अनुगमन प्रतिबेदन
- गाउँपालिका स्तरीय अनुगमन प्रतिबेदन

९) **अनुगमनः**

१( संचालित कार्यक्रमको गाउँपालिका ,वडा कार्यालय तथा कृषि विकास शाखा/पशु सेवा शाखाले अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ ।

**१० (भुक्तानी दिन बाध्य नहुनेः**

१( सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकालेत्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन ।

२( सम्झौता गरेको आर्थिक बर्ष भित्रमा कार्यसम्पन्न गरि भुक्तानी लिन नआएमा भुक्तानी गरिने छैन ।

# परिच्छेद-७

# बिबिध

११) **बाधा अड्काउ फुकाउ** : यस कार्यविधि कार्यन्वयनको सम्बन्धमा कुनै दुबिधा भएमा छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ |

१२) **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ |

१३) **संशोधन** ,यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट : हेरफेर वा संशोधन गर्न सक्नेछ |

१४) **खारेजी र बचाऊ** :

१( यस दफा अनुसार **बाँझो जग्गामा खेति कार्यक्रम कार्यविधि — २०७८** को खारेज गरिएको छ

२ (**बाँझो जग्गामा खेति कार्यक्रम कार्यविधि — २०७८** अनुसार गरेका कामकारबाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ |

# अनुसूची १ :

## वडा  मार्फत उपलब्ध भएको लागत विवरण

| क्र. स. | जग्गा धनि को नाम सहित तिन पुस्ते को विवरण | ठेगाना | जग्गाको अबस्थित | कि न. | क्षेत्रफल | किसिम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# अनुसूची - २

## अजिरकोट गाउँपालिका , कृषि विकास शाखाको बाँझो जग्गाको मुल्यांकन मापदण्ड

कृषकको नामः

ठेगानाः

सम्पर्क न.:

| क्र. स. | मूल्यांकनको आधार | मुल्यांकन | | | प्राप्तांक |
|---|---|---|---|---|---|
| | | ८ अंक | १४ अंक | २० अंक | |
| १ | क्षेत्र बिस्तारको प्रस्ताब | ३-१० रोपनी | १०-२० रोपनी | २०-३० रोपनी | |
| २ | खेति गर्न प्राबिधिक ज्ञान, सिप र अनुभब | सामान्य तालिम प्राप्त गरेको | न्युइनतम् २ वर्ष को अनुभब | २ बर्ष भन्दा बढीको अनुभब | |
| ३ | बिउको श्रोत तथा उपलब्धता | मान्यता प्राप्त नभएको र स्थानीयस्तरमा उत्पादित | मान्यता प्राप्त नभएको तर निजि स्तरमा स्थापित नर्सरी | सरकारी फर्म व मान्यता प्राप्त श्रोत केन्द्र | |
| ४ | बाँझो जग्गाको संरक्षण तथा दिगोपन | पेश नगरेको | मध्यम स्तरको योजना पेश गरेको | उत्तम स्तरको योजना पेश गरेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | भौगोलिक र वातावरणीय उपयुक्तता | सन्तोषजनक | मध्यम | उत्तम | |
| | जम्मा | ४० | ७० | १०० | |

द्रस्तब्यः

माथि उल्लेखित मापदण्डको आधारमा ५० वा शो भन्दामाथि  अंक ल्याउने प्रस्ताबहरुलाई मात्र छनौट गरिनेछ ।

**<u>पेश गर्नेः</u>**

कृषि अधिकृत

**<u>प्रमाणित गर्ने :</u>**

प्रमुख प्रशासकिय अधिकृत

# अनुसूची ३
# सम्झौता पत्र

अजिरकोट गाउँपालिकाको आ. व. ................... को बार्षिक स्वीकृत कार्यक्रम "बाँझो जग्गामा खेति कार्यक्रम" संचालन गर्नका लागि मिति ............ मा गरिएको प्रस्ताव आब्हानको सूचना अनुसार यस कार्यालयको मिति ...................... को निर्णयले जम्मा लागत रु ..........  मध्ये कार्यालय बाट अनुदान रु ................. हुनेगरी तपसिल अनुसारको शर्तहरुको आधीन मा रही यो सम्झौता गरिएको छ

| क्र. स. | क्रियाकलाप | खेति योग्य बाँझो जमिन | कार्यालय बाट व्यहोर्ने लागत रकम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

१) यो सम्झौता पत्र अजिरकोट गाउँपालिका, कृषि शाखा (प्रथम पक्ष) र सम्बन्धित ..................... (दोश्रो पक्ष) बीच बाँझो जग्गामा खेति कार्यक्रम संचालन गर्ने कार्यको लागि प्रयोग हुनेछ

२) यो सम्झौता दुवै पक्षबाट हस्ताक्षर भएको मितिदेखि प्रारम्भ हुनेछ

३) दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिन भित्र शुरु गर्नु पर्नेछ

४) प्रथम पक्षले दोश्रो पक्षलाई अनुदानग्राहीलाई कार्य सम्पन्न पश्चात अनुगमनका आधारमा सम्झौता बमोजिम अनुदान रकम उपलब्ध गराइनेछ

५) सम्झौता बमोजिमको कार्य पुरा भएपछि कार्यालय बाट व्यहोर्ने लागत रकम एकमुस्ट रुपमा प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ

६) अनुदान बापत रु.................... (अक्षरुपि ............................................... मात्र ) नियम अनुसार करकट्टी गरि प्रथम पक्षले दोश्रो पक्षलाई भुक्तानी दिनेछ

७) दोश्रो पक्षले कार्य गर्दा प्राविधिकको निर्देशानुसार कार्य गर्नुपर्नेछ

८) पहिलो पक्षले कार्यक्रमको नियमित अनुगमन गर्नेछ

९) दोश्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेकोमा व अनुदान रकमको दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ

१०) दोश्रो पक्षको बैंक खाता विवरण निम्न बमोजिम हुनेछ र यदी कार्यक्रम संचालन आबधिमा यी विवरणहरुमा कुनै परिबर्तन हुन गएको हक मा प्रथम पक्षलाई तत्काल जानकारी गराउनु पर्नेछ

| | |
|---|---|
| बैंकको नाम तथा ठेगाना : | |
| बैंक खाताको नाम : | |
| बैंक खाता न.: | |
| बैंक खाताको किसिमः | |
| खाता संचालकको नाम :<br>पद : | |

प्रथम पक्षको तर्फबाट :

दोस्रो पक्षको तर्फबाटः

नाम :

नामः

# अनुसूची ४
## स्वधोषणा पत्र

कृषि बिकास शाखा, अजिरकोट गाँउपालिका द्वारा संचालन हुन गईरहेको बाँझो जग्गामा खेति कार्यक्रमका लागी प्रोत्साहन कार्यक्रमको लागी म सँग गोरखा जिल्ला अजिरकोट गा.पा ............................ टोल वडा नं ....................... मा ...................... रोपनी जग्गा .............. बर्ष देखि बाँझो रहेको स्वधोषणा गर्दछु । साथै उक्त बाँझो जग्गामा निरन्तर रुपमा खेति गर्नेछु ।

उपर्युक्त व्यहोरा ठीक, साँचो हो । गलत ठहरे कानुन बमोजिम सहुँला, बुजाउँला ।

| **सि.नं** | **आबेदकको नाम** | **नागरिकता नं** | **बाँझो जग्गाको कित्ता न.** | **सम्पर्क नं** | **हस्ताक्षर** |
|---|---|---|---|---|---|
| | | | | | |

नामः

ठेगानाः

खेति गरिने बालिः

जग्गाको क्षेत्रफलः

हस्ताक्षरः

आज्ञाले

नवराज अवस्थी

प्रमुख प्रशासिकय अधिकृत